# संघीय संसद
# राष्ट्रिय सभा

## बाह्रौं अधिवेशन
## बैठक - ४८
## २०७९ भदौ १२ गते आइतबार
## अपराह्न १:०१ बजे
## दैनिक कार्यसूची

### राष्ट्रपतिको कार्यालयको पत्र

१. सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरण सम्बन्धी पत्रको ब्यहोरा जानकारी गराउनुहुने।

२. राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयालले सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता पठाइएको नागरिकता विधेयकका सम्बन्धमा राष्ट्रपतिको कार्यालयबाट प्राप्त पत्रको ब्यहोरा जानकारी गराउनुहुने।

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त पत्र

३. सम्माननीय अध्यक्षले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् सदस्यहरूको कार्यभार तोकिएको सम्बन्धी पत्रहरूको ब्यहोरा जानकारी गराउनु हुने।

### व्यवस्थापन कार्य

४. राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयालले प्रतिनिधिसभामा उत्पत्ति भई सो सभाबाट पारित भएका “बीमा विधेयक, २०७५”, “पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६”, “सार्वजनिक ऋण व्यवस्थापन विधेयक, २०७६” सम्बन्धी प्रतिनिधि सभाबाट प्राप्त सन्देशहरू र राष्ट्रिय सभाले पारित गरी प्रतिनिधि सभामा पठाइएको “शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६” लाई प्रतिनिधि सभाले संशोधन सहित फिर्ता पठाएको सन्देश सभा समक्ष टेबुल गर्नुहुने।

५. राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयालले राष्ट्रिय सभाबाट पारित भई सन्देश सहित प्रतिनिधि सभामा पठाइएका देहायका विधेयकहरूका सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देशको जानकारी सभा समक्ष गराउनु हुनेः-

   (क) शपथ सम्बन्धी विधेयक, २०७८

   (ख) तथ्याङ्क विधेयक, २०७६

   (ग) स्टाण्डर्ड नाप र तौल (पाँचौ संशोधन) विधेयक, २०७६

   (घ) प्रत्यायन विधेयक, २०७६

६. राष्ट्रिय सभाका सचिव श्री राजेन्द्र फुयालले सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भएको “नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९” का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देशको जानकारी सभा समक्ष गराउनु हुने।

७. माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडलले “योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७९ माथि प्रतिनिधि सभाबाट भएको संशोधन उपर विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

(राजेन्द्र फुयाल)
राष्ट्रिय सभाको सचिव